# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## “विद्यार्थीसँग नेपाल राष्ट्र बैंक” कार्यक्रम शुभारम्भ



“**विद्यार्थीसँग नेपाल राष्ट्र बैंक**” कार्यक्रमलाई औपचारिक रूपमा आरम्भ गर्ने क्रममा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले यही असार ६ गते दोलखा जिल्लाको चरिकोटस्थित कालिञ्चोक उच्च माध्यमिक विद्यालयमा एक समारोह बीच उक्त कार्यक्रमको शुभारम्भ गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा.खतिवडाले बचत गर्ने बानीको विकास, बचत रकम बैंक तथा वित्तीय संस्थामा राख्ने प्रवृत्तिको विस्तार, गैरकानूनी संस्थाबाट हुने वित्तीय कारोबारप्रति सजगता, बैंक तथा वित्तीय संस्थाहरुसँगको सहकार्यमा उद्यमशीलताको विकास, स्वरोजगार तथा रोजगारी सिर्जना र समग्र आर्थिक विकास वित्तीय चेतनाको प्रमुख विषयवस्तु भएको धारणा राख्नु भएको थियो । वित्तीय चेतनाको भूमिका व्यापक भए पनि अहिले विद्यार्थीलाई लक्षित गरी वित्तीय प्रणाली, अर्थ र वित्त, मुद्रा, बीमा र बैंकका बारेमा जानकारी दिन विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम लिएर मुलुकभर पुग्ने योजना रहेको जानकारी उहाँले दिनुभएको थियो ।

वित्तीय शिक्षालाई विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्ने कार्यको थालनी भइसकेको बताउनु हुँदै उहाँले त्यो कार्य सम्पन्न नहुञ्जेलसम्म अतिरिक्त शैक्षिक सामग्रीका रुपमा वित्तीय शिक्षालाई विद्यार्थी माझ पुऱ्याउने कार्यमा योगदान दिन गभर्नर डा.खतिवडाले शिक्षकहरुलाई आग्रह गर्नुभयो ।

विद्यार्थीको भविष्य तथा मुलुकप्रतिको दायित्वलाई हृदयंगम गर्दै उच्च बचत र उत्पादक लगानी गर्न सक्ने जनशक्ति निर्माणमार्फत स्वाधीन अर्थतन्त्रको निर्माणमा शिक्षकको योगदान महत्वूर्ण हुने उहाँको धारणा थियो । बैंक/वित्तीय संस्थालाई समाजका कमजोर वर्ग, साना व्यवसायी, किसान, विभिन्न



पेशागत समूह, सीमान्तीकृत समुदाय र विद्यार्थीको सेवामा लाग्न आग्रह गर्दै गभर्नर डा. खतिवडाले सामाजिक र वातावरणीय दायित्व पूरा गरी सञ्चालन गरिएको व्यवसायले

समाजका सबै  वर्गको सहयोग पाउने र सफल पनि हुने धारणा व्यक्त गर्नुभयो ।

समारोहमा गभर्नर खतिवडाले नोटको चलनचल्ती गर्दा सफा र सुरक्षित तवरले गर्न सकेमा लागत न्यूनीकरण हुन सक्ने तर्फ ध्यानाकर्षण गराउनु भएको थियो । त्यसैगरी, बैंकिङ्ग कारोबार गर्दा जहिले पनि बैधानिक वित्तीय संस्थाहरुमार्फत गर्न र त्यस्ता संस्थाहरुको सुशासनको अवस्थाको बारेमा जानकारी लिएर कारोबार गर्न आग्रह गर्नु भएको थियो । दोलखा जिल्लाको वर्तमान आर्थिक महत्व तथा उज्ज्वल भविष्यका बारेमा मन्तव्य राख्दै उहाँले दोलखा बजारमा रहेको मुद्रा टक्सारको पुरातात्विक महत्वका बारेमा चर्चा गर्नु भयो ।



विद्यालयका प्रधानाध्यापक नवराज न्यौपानेले स्वागत मन्तव्य राख्नु भएको उक्त कार्यक्रको अध्यक्षता विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णबहादुर गौतमले गर्नुभएको थियो भने जिल्ला शिक्षा अधिकारी दीपक शर्मा र कालिञ्चोक डेभलपमेण्ट बैकका प्रमुख कार्यकारी अधिकृत अशोक शिवाकोटीले मन्तव्य राख्नुभएको थियो । सो कार्यक्रमा गभर्नरको कार्यालयका उप-निर्देशक अशोक पौडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सोही विद्यालयका विद्यार्थी भाइबहिनीहरुले मनमोहक नृत्य प्रस्तुत गरी कार्यक्रमलाई रोचक बनाएका थिए ।

यसै भ्रमणका अवसरमा गभर्नर डा. खतिवडाले क्षेत्रीय होटल संघ दोलखाद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा दोलखाका उद्यमी, व्यवसायीहरुसंग समसामयिक आर्थिक, मौद्रिक तथा वित्तीय क्षेत्रसंग सम्बन्धित विषयहरुमा विचार विमर्श गर्नु भएको थियो । सो कार्यक्रममा व्यवसायी, बैंकर्स तथा पत्रकारहरूको सहभागिता रहेको थियो । सो कार्यक्रमलाई मन्तव्य दिँदै गभर्नर डा.खतिवडाले व्यवसायीले पर्याप्त पूर्वाधार र व्यावसायिक सम्भावना भएको क्षेत्रमा लगानी गर्नु पर्ने बताउँदै व्यवसायिक अर्गानिक खेती, प्रशोधन उद्योग, पर्यटन, साना तथा मझौला उद्योग दोलखा जिल्लाको सम्भावना क्षेत्र भएको जानकारी दिनु भयो । उद्यमीकाबीचमा सहकार्य बढाएर पब्लिक लिमिटेड कम्पनीको स्थापना गर्दा पूँजी पर्याप्त हुने र सो कुरा ऋण प्राप्त गर्न महत्वपूर्ण आधार हुने उहाँको विश्लेषण थियो । सरल कर्जा लगानी प्रक्रियाका कारण अनौपचारिक क्षेत्रप्रति सर्वसाधारणको आकर्षण रहेकाले  बैंक तथा वित्तीय संस्थाले ग्रामीण क्षेत्रमा लगानी गर्न सजिलो लगानी नीति अपनाउन र गाउँको निक्षेप शहरमा लगानी गर्ने प्रवृत्ति कम गर्न सुझाव दिनुभएको थियो ।